# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

## संक्षिप्त वार्षिक आर्थिक विवरण : २०८०/८१

नोटः प्रस्तुत विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो

शेयरधनी महानुभावहरू,

यस फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभाको प्रयोजनार्थ लघु वित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को नेपाल राष्ट्र बैंकको लघुवित्त वित्तीय संस्थालाई जारी गरेको निर्देशन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको तयार गरिएको वित्तिय स्थीति विवरण, नाफा वा नोक्सान हिसाव, अन्य समष्टिगत आय विवरण, नगद प्रवाह विवरण, पुँजीकोषमा भएको परिवर्तन लगायत लघुवित्त वित्तीय संस्थाको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ ।

**क.समीक्षा आर्थिक वर्षको कारोबारको सिंहावलोकन :**

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरी २०६६ पौष २४ गतेबाट विधिवत् रुपमा कार्य शुभारम्भ गरेको यहाँहरूलाई अवगत नै छ । यस लघुवित्त वित्तीय संस्थाको २०८१ अषाढ मसान्तमा विभिन्न ८० वटा ऋणी संस्थाहरू मार्फत रु. ७७२ करोड थोक कर्जा लगानीमा रहेको छ । यस लघु वित्त वित्तीय संस्थाले उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी आर्थिक वर्ष २०८०/८१ मा **१४ करोड ६ लाख ४९ हजार २ सय ३१ रुपैया** खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको छ । नेपालको सन्दर्भमा पनि मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दवाव, आर्थिक गतिविधि तथा कर्जाको मागमा आएको संकुचनको कारण लघुवित्त तथा सहकारीको क्षेत्रको बारेमा भएका नकरात्मक प्रचार प्रसारका साथै बैंक वित्तीय संस्था, लघुवित्त र सहकारी विरुद्धमा संघर्ष समितिको नाममा भए गरेका अवान्छित गतिविधिका कारण जनस्तरमानै गलत मनसाय भएका ऋणीहरुमा कर्जा नतिर्ने प्रवृत्तीको हावि भएर ऋण असुली र लगानीको वातावरण विथोलिएको छ । आर्थिक वर्षको शुरु देखि नै नेपाल राष्ट्र बैंकले खुद्रा कारोवार गर्ने लघुवित्त संस्थाहरुलाई कसिलो नीति लिदैं आएको र पछिल्लो चरणमा निर्देशन मार्फत सदस्यताको दोहोरोपना तथा जनस्तरमा देखिएका समस्याहरुको समधान गर्न लघु वित्त संस्थाका ऋणीहरुले एकल संस्थाबाट मात्र कारोवार गर्न पाउने, लघुकर्जाको सिमा १५ लाख बाट ७ लाखमा सिमित गरेको, सहकारी संस्थाहरुमा भएका विचलन र संघर्ष समितिको गतिविधिका कारण अधिक जोखिम भई ऋण प्रवाहमा संकुचन, कर्जा असुलीमा दबाब जस्ता चुनौतिहरुबाट सृजित अप्ठ्याराहरुले गर्दा समीक्षा आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थालाई पनि केहि प्रत्यक्ष प्रभाव पारेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको नीति बमोजिम केही लघुवित्त वित्तीय संस्थाहरू गाभ्ने तथा गाभिने प्रक्रियामा गएकाले "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरूको संख्या न्यून हुदै गएको छ ।

समीक्षा आर्थिक वर्षमा विपन्न वर्ग कर्जाको मागमा कमि र तिव्र दरले बढदो जोखिमको वावजुद यस संस्थाले व्यवसायिक सम्बन्ध, संस्थागत क्षमता तथा दक्षताको अधिकतम् उपयोग गरी श्रोतको यथोचित व्यवस्थापन गरेको छ । समग्र अर्थतन्त्र तथा वित्तीय बजारको कठिन अवस्थामा समेत यस लघुवित्त वित्तीय संस्थाले सम्भावित जोखिमको आंकलन गरी व्यवसायको विस्तारलाई भन्दा गुणस्तरलाई प्राथमिकताको रणनीति अवलम्बन गरेको कारणले वित्तीय बजारमा संस्थाको केहि भाखा नाघेको कर्जाको बाबजुत पनि समग्र आर्थिक तथा वित्तीय अवस्थामा सन्तुलन कायम गर्न सफल भएका छौं ।

First Microfinance

कम्पनी सचिव

विगत ५ आर्थिक वर्षको संक्षिप्त वित्तीय स्थिति र उपलब्धिहरू यस प्रकार रहेको छ ।

रकम रु. करोडमा

| आर्थिक बर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर्जा तथा सापट (खुद) | ५५६ | ८१८ | १,०३९ | ७६५ | ७४१ |
| तरल सम्पत्ति तथा | ७४ | १५७ | ४९ | १४१ | ११८ |
| स्थीर तथा अन्य सम्पत्ति | ३ | ५ | ७ | ७ | १० |
| **कुल सम्पत्ति** | ६३३ | ९८० | १,०९६ | ९१३ | ८६९ |
| शेयर पूँजी | ८० | ८८ | ९६ | ११५ | १२३ |
| संचित मुनाफा तथा जगेडा कोष | २५ | २७ | ४३ | ४४ | ४१ |
| तिर्न बाँकी सापट | ५२३ | ८६१ | ९४६ | ७४७ | ६९७ |
| अन्य दायित्वहरु | ५ | ५ | १० | ८ | ८ |
| **कुल दायित्व तथा पूँजी** | ६३३ | ९८० | १,०९६ | ९१३ | ८६९ |
| खुद व्याज आम्दानी | २५ | २७ | ४३ | ४३ | ३१ |
| संचालन मुनाफा | १९ | २० | ३७ | २९ | २१ |
| **खुद मुनाफा** | १४ | १५ | २६ | २० | १४ |
| प्रति शेयर आम्दानी | १८.१६ | १७.६१ | २६.६५ | १७.२६ | ११.४० |
| पूँजी कोष (प्रतिशतमा) | १७.९६% | १३.११% | १३.९३% | २०.२०% | २०.९२% |
| निष्कृय कर्जा (प्रतिशतमा) | ०.००% | ०.००% | ०.००% | ०.६६% | ३.१६% |

**ख) प्रतिवेदनको समीक्षा र आर्थिक वर्षको उपलब्धि**

यस लघु वित्त वित्तीय संस्थाले आफ्नो थोक लघुकर्जाको सेवा विस्तार गर्दा सन्तोषजनक रूपमा सञ्चालित नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई र सामुदायिक रुपमा सञ्चालित भई लघुवित्त तथा लघुउद्यम कर्जा कारोवार गरिरहेका सहकारी संस्थाहरुलाई प्राथमिकता दिईएको छ । यस लघुवित्त वित्तीय संस्थाले अघिल्लो आर्थिक वर्ष २०७९/८० मा रु. ३८३ करोड नयाँ कर्जा स्वीकृत गरी रु. ३६७ करोड थोक कर्जा प्रवाह गरेकोमा यस समिक्षा आर्थिक वर्ष २०८०/८१ मा रु. ४२२ करोड नयाँ कर्जा स्वीकृत गरी रु.४०३ करोड थोक कर्जा प्रवाह गरेको छ । अघिल्लो आर्थिक वर्षमा ऋणी संस्थाहरुलाई उपलब्ध गराईएको भुक्तानी तालिका बमोजिम रु. ६२९ करोड साँवा रकम असुली भएकोमा समिक्षा आर्थिक वर्षमा ४२३ करोड साँवा असुली भएको छ । समिक्षा आर्थिक वर्षको अन्यमा ३.१६ प्रतिशत निष्कृय कर्जा रहेको छ । ऋणी संस्थाहरुले २० लाख भन्दा बढी सदस्यहरुसँग ऋणको कारोवार गरिरहेका छन् । थोक लघुकर्जा सम्बन्धी जोखिम न्यूनिकरण गर्ने कार्यमा यस लघुवित्त वित्तीय संस्था सदैव आवधिक समीक्षाका साथ सचेत रहँदै आइरहेको छ ।

यसका अतिरिक्त साझेदार संस्थाको आवधिक रुपमा जोखिम स्तर निर्धारण गरी सोका आधारमा स्थलगत अनुगमन गर्ने र आवश्यक परेमा उच्च जोखिमयुक्त साझेदार संस्थासँग कर्जा असुली गर्ने लगायतका सुधारका प्रक्रियाहरु अवलम्वन गरिएको छ । सङ्कुचित आर्थिक क्रियाकलाप, लघुवित्तको क्षेत्रमा बढ्दो प्रतिस्पर्धाले व्यवसाय विस्तारमा पारेको प्रभाव आदि

कम्पनी सचिव

अप्ठ्याराका बावजूद कार्यक्षेत्र तथा कारोवारको दायरा फराकिलो पार्न र उपलब्ध वित्तीय स्रोतहरुको अधिकतम उपयोग गरी कार्य सम्पादन गर्न र निष्कृय कर्जा कम गर्न लघु वित्त वित्तीय संस्था प्रयासरत रहेको छ ।

यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई संस्थाको सम्पतिको रूपमा ग्रहण गरिएको छ र समीक्षा अवधिमा कर्मचारीहरूलाई समयानुकूल प्रतिस्पर्धी बनाउन तथा ज्ञान र शीपको ताजकीकरण गर्न विभिन्न विषयमा तालिम तथा गोष्ठीहरुमा सहभागि गराइएको थियो । साथै, आगामी आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता तथा दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको तालिम, गोष्ठीमा अनलाइन तथा अवस्थाको मूल्यांङ्कन गरी प्रत्यक्ष सहभागी गराउने योजनालाई निरन्तरता दिइने छ ।

**ग) आगामी योजना सम्बन्धमा सञ्चालक समितिको धारणा :**

यस लघुवित्त वित्तीय संस्थाले चालु आर्थिक वर्षमा नियन्त्रित रुपमा थोक लघुकर्जा विस्तार गर्ने, साझेदार लघुवित्त वित्तीय संस्थाहरुमा नै प्राथमिकतामा साथ कार्य विस्तार गर्ने, कर्जा जोखिम न्यूनीकरणका रणनीतिलाई अझ सशक्त रुपमा लागु गर्ने, कर्जा अनुगमन कार्यलाई सघन र प्रभावकारी बनाउन साझेदार लघुवित्त संस्थाहरुको नियमित सुपरिवेक्षण गर्ने, कार्यरत जनशक्तिको दक्षता विकास गर्ने, साझेदार संस्थाहरुको क्षमता अभिवृद्वि गर्न आवश्यक गतिविधिहरु सञ्चालन गर्ने, वर्तमानमा भए गरेका सकारात्मक तथा सृजनात्मक कार्यलाई निरन्तरता दिने आदि रणनीतिहरु अवलम्बन गरेको छ ।

**घ) समिक्षा तथा गत आर्थिक वर्षहरुको संक्षिप्त वित्तीय विवरणहरु:**

तल उल्लेखित विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको हो ।

First Microfinance

कम्पनी सचिव

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

## वित्तीय अवस्थाको विवरण (वासलात)

२०८१ साल आषाढ मसान्तको

रकम रु

| | अनुसुची | ३१ आषाढ २०८१ | ३१ आषाढ २०८० |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | १,१३०,६८६,५९१ | १,१६८,४८३,८५० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | ४५,८१८,४७५ | १३७,८१८,४७५ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.३ | - | १००,०००,००० |
| व्यूत्पन्न वित्तीय उपकरण सम्पत्ति | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४.५ | - | - |
| लघुवित्त वित्तीय संस्था तथा सहकारी संस्थालाई कर्जा तथा सापट | ४.६ | ७,४०८,०७७,३६३ | ७,६५६,२१५,८१२ |
| ग्राहकलाई कर्जा तथा सापट (कर्मचारीहरु) | ४.७ | २२,९३०,०२७ | २०,८२७,२९४ |
| धितोपत्रमा लगानी | ४.८ | १,३०५,६०० | १,३०५,६०० |
| चालु आयकर सम्पत्ति | ४.९ | १,९४४,१३७ | - |
| सम्पत्तिमा लगानी | ४.१० | - | - |
| सम्पत्ति तथा उपकरण | ४.११ | ६,७५१,५७५ | ८,०६१,९५० |
| ख्याती र अमुर्त सम्पत्ति | ४.१२ | - | - |
| स्थगन कर सम्पत्ति | ४.१३ | ३,४७६,४६० | ३,१९७,४४६ |
| अन्य सम्पत्ति | ४.१४ | ६८,३८७,९५४ | ३८,६०७,२३६ |
| **कुल सम्पत्ति** | | ८,६८९,३७८,१८२ | ९,१३४,५१७,६६३ |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ४.१५ | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१६ | - | - |
| यूत्पन्न वित्तीय उपकरण दायित्व | ४.१७ | - | - |
| ग्राहकबाट निक्षेप | ४.१८ | - | - |
| तिर्न बाँकी सापट | ४.१९ | ६,९६८,५४०,७५७ | ७,४६५,०४१,९४८ |
| चालु आयकर दायित्व | ४.९ | - | ७,१९१,९६७ |
| व्यवस्थाहरु | ४.२० | - | - |
| स्थगन कर दायित्व | ४.१३ | - | - |
| अन्य दायित्व | ४.२१ | ८१,६०६,७३७ | ७८,३२८,७०७ |
| निष्काशन गरिएका ऋणपत्र | ४.२२ | - | - |
| सहायक आवधिक दायित्व | ४.२३ | - | - |
| **कुल दायित्व** | | ७,०५०,१४७,४९४ | ७,५५०,५६२,६२२ |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.२४ | १,२३३,८२६,९०२ | १,१४७,७४५,९५६ |
| शेयर प्रिमियम | | - | - |
| संचित मुनाफा | | ११९,९४६,६६२ | १८१,५७६,१३३ |
| जगेडा तथा कोषहरु | ४.२५ | २८५,४५७,१२४ | २५४,६३२,९५२ |
| **कुल पूँजी** | | १,६३९,२३०,६८८ | १,५८३,९५५,०४१ |
| **कुल दायित्व तथा पूँजी** | | ८,६८९,३७८,१८२ | ९,१३४,५१७,६६२ |
| संभावित दायित्व तथा प्रतिवद्दता | ४.२६ | - | - |
| प्रति शेयर खुद सम्पत्ति | | १३२.८६ | १३८.०१ |

पनी सचिव

**फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड**

नाफा वा नोक्सान विवरण

श्रावण १, २०८० देखि ३१ आषाढ २०८१ सम्म

| | | | रकम रु |
|---|---|---|---|
| | अनुसुची | २०८०।८१ | २०७९।८० |
| व्याज आम्दानी | ४.२७ | ८६७,०९५,१७० | १,४३१,७५६,४९१ |
| व्याज खर्च | ४.२८ | (५५६,५३८,१५३) | (९९८,५००,१३९) |
| **खुद व्याज आम्दानी** | | ३१०,५५७,०१७ | ४३३,२५६,३५२ |
| शुल्क तथा कमिशन आम्दानी | ४.२९ | २२,९७३,८४७ | ५२,७८७,३७८ |
| शुल्क तथा कमिशन खच | ४.३० | (४,३५१,८१३) | (११,५००,८६९) |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | १८,६२२,०३४ | ४१,२८६,५०९ |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | ३२९,१७९,०५१ | ४७४,५४२,८६१ |
| खुद व्यापारिक आम्दानी | ४.३१ | – | – |
| अन्य संचालन आम्दानी | ४.३२ | – | – |
| **कुल संचालन आम्दानी** | | ३२९,१७९,०५१ | ४७४,५४२,८६१ |
| कर्जा तथा अन्य सम्पत्तिमा हानी/नोक्सानीको (व्यवस्था)/फिर्ता | ४.३३ | (४८,७३७,११५) | (११६,५८०,९४३) |
| **खुद संचालन आम्दानी** | | २८०,४४१,९३६ | ३५७,९६१,९१८ |
| **संचालन खर्च** | | (६५,९८१,१३३) | (७१,४७६,८९३) |
| कर्मचारी खर्च | ४.३४ | (४९,८८३,६८१) | (५५,७७९,१०३) |
| अन्य संचालन खर्च | ४.३५ | (१४,०११,४८२) | (१३,४४३,१२०) |
| मुल्यह्रास र परिषोधन | ४.३६ | (२,०८५,९७०) | (२,२५४,६७०) |
| **संचालन मुनाफा** | | २१४,४६०,८०३ | २८६,४८५,०२५ |
| गैर संचालन आम्दानी | ४.३७ | – | – |
| गैर संचालन खर्च | ४.३८ | – | – |
| **आयकर अधिको मुनाफा** | | २१४,४६०,८०३ | २८६,४८५,०२५ |
| आयकर खर्च/(आम्दानी) | ४.३९ | | – |
| चालु आयकर | | (७४,३५४,५५८) | (८८,७२९,०९२) |
| स्थगन कर | | ५४२,९८६ | ३९८,१९० |
| **यस वर्षको मुनाफा** | | १४०,६४९,२३१ | १९८,१५४,१२३ |
| **नाफा बाँडफाँड** | | | |
| लघुवित्त वित्तीय संस्थाको शेयरधनी | | १४०,६४९,२३१ | १९८,१५४,१२३ |
| **यस वर्षको मुनाफा** | | १४०,६४९,२३१ | १९८,१५४,१२३ |
| प्रति शेयर आम्दानी | | ११.४० | १७.२६ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | ११.४० | १७.२६ |

First Microfinance

कम्पनी सचिव

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

अन्य विस्तृत आम्दानीको विवरण

श्रावण १, २०८० देखि ३१ आषाढ २०८१ सम्म

रकम रु

| | अनुसुची | २०८०।८१ | २०७९।८० |
|---|---|---|---|
| **यस वर्षको मुनाफा** | | १४०,६४९,२३१ | १९८,१५४,१२३ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुन:वर्गिकरण गर्न नसकिने वुँदाहरु** | | | |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | - | - |
| पुर्न: मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | ८७९,९०८ | १९०,०१४ |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | (२६३,९७२) | (५७,००४) |
| **नाफा/(नोक्सान) मा पुर्न: वर्गीकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी** | | | |
| **ख) नाफा/(नोक्सान)मा पुन: वर्गीकरण गरिएका वा गर्न सकिने वुँदाहरु** | | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | - | - |
| नाफा/(नोक्सान) मा वर्गीकरण गरिएका | | - | - |
| **नाफा/(नोक्सान) मा पुन: वर्गीकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | | १४१,२६५,१६७ | १९८,२८७,१३३ |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | १४१,२६५,१६७ | १९८,२८७,१३३ |

कम्पनी सचिव

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

### नगद प्रवाह विवरण

### श्रावण १, २०८० देखि ३१ आषाढ २०८१ सम्म

| | | रकम रु |
|---|---|---|
| | २०८०।८१ | २०७९।८० |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| ब्याज प्राप्ती | ८५१,९९५,३७७ | १,४२९,८७२,५६० |
| शुल्क तथा अन्य आम्दानी प्राप्ती | २२,९७३,८४७ | ५२,९८१,५१५ |
| लाभांश प्राप्ती | – | – |
| अन्य संचालन गतिविधिबाट प्राप्ती | – | – |
| ब्याज भुक्तानी | (५६२,३६२,२२४) | (९९४,३०८,६४९) |
| कमिशन तथा शुल्क भुक्तानी | (४,३५१,८१३) | (११,५००,८६९) |
| कर्मचारीलाई भुक्तानी | (५४,९६७,०६०) | (६१,७७९,२९८) |
| अन्य खर्च भुक्तानी | (१४,७०१,०५५) | (१३,४२६,८४४) |
| **संचालन सम्पत्ति/दायित्वमा परिवर्तन अघिको नगद प्रवाह** | २३८,५८७,०७२ | ४०१,८३८,४१५ |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा कमी/(वृद्धि) | – | – |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा कमी/(वृद्धि) | १००,०००,००० | २५०,०००,००० |
| अन्य व्यापारिक सम्पत्तिमा कमी/(वृद्धि) | – | – |
| लघुवित्त तथा सहकारी संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा कमी/(वृद्धि) | १९९,४०१,३३४ | २,६१९,३६७,००५ |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा कमी/(वृद्धि) | (२,१०२,७३३) | (१,८८३,९३१) |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (१६,७८३,६५८) | १,००६,७३० |
| **संचालन दायित्वमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकममा (कमी)/वृद्धि | – | – |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकममा (कमी)/वृद्धि | – | – |
| निक्षेप दायित्वमा (कमी)/वृद्धि | – | – |
| तिर्न बाँकी सापटमा (कमी)/वृद्धि | (४९६,५०१,१९१) | (१,९९२,५९४,६०३) |
| अन्य दायित्वमा (कमी)/वृद्धि | १७,६१६,९४४ | (६,४२०,१८४) |
| **आयकर अघिको संचालन गतिविधिबाट खुद नगद प्रवाह** | ४०,२१७,७६८ | १,२७१,३१३,४३२ |
| आयकर भुक्तानी | (८३,४७५,९७१) | (९३,९३६,८३६) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | (४३,२५८,२०३) | १,१७७,३७६,५९६ |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी उपकरणको खरिद | – | – |
| लगानी उपकरणको विक्रि | – | – |
| बैंक तथा वित्तीय संस्थामा राखिएको लगानीमा बृद्धि/कमी | – | – |
| स्थिर सम्पत्तिको खरिद/बिक्री | (७७५,५९५) | (६४६,०७८) |
| अमूर्त सम्पत्तिको खरिद | – | – |
| अमूर्त सम्पत्तिको विक्री | – | – |
| लगानी सम्पत्तिको खरिद | – | – |
| लगानी सम्पत्तिको विक्रि | – | – |
| ब्याज प्राप्ती | ३१७,४८५ | १९४,१३७ |
| लाभांश प्राप्ती | – | – |
| **लगानी गतिविधिमा प्रयोग भएको खुद नगद** | (४५८,११०) | (४५१,९४१) |
| वित्तीय गतिविधिबाट नगद प्रवाह | – | – |
| ऋणपत्र निष्काशनबाट प्राप्त | – | – |
| ऋणपत्रको भुक्तानी | – | – |
| आवधिक दायित्वको निष्काशनबाट प्राप्त | – | – |
| आवधिक दायित्वको भुक्तान | – | – |
| शेयर निष्काशनबाट प्राप्त | – | – |
| लाभांश भुक्तानी | (८६,०८०,९४६) | (९,६४४,९२४) |
| ब्याज भुक्तानी | – | – |
| अन्य प्राप्ति/भुक्तानी | – | – |
| **वित्तीय गतिविधिबाट नगद** | (८६,०८०,९४६) | (९,६४४,९२४) |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | (१२९,७९७,२५९) | १,१६७,२७९,७३१ |
| बर्षको शुरुमा रहेको नगद तथा नगद समान | १,३०६,३०२,३२५ | १३९,०२२,५९४ |
| नगद तथा नगद समानमा विनिमय दरको उतारचढावको असर | – | – |
| बर्ष अन्तमा रहेको नगद तथा नगद समान | १,१७६,५०५,०६६ | १,३०६,३०२,३२५ |

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड
### इक्विटीमा भएका परिवर्तनको विवरण
### श्रावण १, २०८० देखि ३१ आषाढ २०८१ सम्म

रकम रु.

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मूल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०७९ सालको मौज्दात | ९६४,४९२,४०० | १९९,००३,१८७ | - | ३,३४२,३४० | १६०,००० | (४८६,०८०) | - | २१९,९४०,८९० | ४,९५२,३५४ | ४,११०,९४४ | ८३२,१०० | १,३९६,३४८,१३५ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | | | | १९८,१५४,१२३ | | | | १९८,१५४,१२३ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | | | | | | | | | | | | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | | | | | | - | | | | | - |
| पुर्न: मुल्याङ्कनबाट भएका नाफा/ (नोक्सान | | | | | | | | | | | | - |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान) | | | | | | | - | १३३,०१० | | | | १३३,०१० |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान | | | | | | | | - | | | | - |
| वदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | | | | | | | | | | | - |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | १९८,२८७,१३३ | | | | १९८,२८७,१३३ |
| यस वर्ष कोषमा सारिएको रकम | | | | | | | | | | | | - |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | | | | | | | | | | | | - |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार** | | | | | | | | | | | | - |
| शेयर निष्कासन | - | | - | - | | | | - | | | | - |
| शेयरमा आधारित भुक्तानीहरु | | | | | | | | | | | | - |
| **शेयरधनीलाई लाभांश** | | | | | | | | | | | | - |
| बोनस शेयर | १८३,२५३,५५६ | | - | - | | | | (१८३,२५३,५५६) | | | | - |
| नगद लाभांश | - | | | | | | | (९,६४४,९२४) | | | | (९,६४४,९२४) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | ३९,६३०,८२५ | - | - | | | | (३९,६३०,८२५) | | | | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | | | | | ८०,७५० | | | (८०,७५०) | | | | - |
| कल्याणकारी कोषबाट सारिएको रकम | | | | | | | | ४५२,४४७ | | | | ४५२,४४७ |
| ग्राहक संरक्षण कोषको उपयोगीता | | | | | | | | | (१,३९८,८५२) | | | (१,३९८,८५२) |
| ग्राहक संरक्षण कोष लगानी प्रतिफल | | | | | | | | | १९४,१३७ | | | १९४,१३७ |
| ग्राहक संरक्षण कोष | | | | | | | | (१,९८१,५४१) | १,९८१,५४१ | | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | | | | | | | | - | | (२८३,०३५) | | (२८३,०३५) |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | - | - | - | - | | | | (१,९८१,५४१) | - | १,९८१,५४१ | | - |
| नियामक कोषमा जम्मा गरिएको | | - | | ३९८,१९० | | | | (३९८,१९०) | | | | - |
| एक्चुरियल नाफा अन्य कोषमा जम्मा | | - | | | | | | (१३३,०१०) | | - | १३३,०१० | - |
| **आषाढ ३१, २०८० को अन्त्यमा मौज्दात** | १,१४७,७४५,९५६ | २३८,६३४,०१२ | - | ३,७४०,५३० | २४०,७५० | (४८६,०८०) | - | १८१,५७६,१३३ | ५,७२९,१८० | ५,८०९,४५० | ९६५,११० | १,५८३,९५५,०४१ |

बाँकी अर्को पृष्ठमा

कम्पनी सचिव

अघिल्लो पृष्ठको बाँकी अंश

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मुल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०८० सालको मौज्दात | १,१४७,७४५,९५६ | २३८,६३४,०१२ | - | ३,७४०,५३० | २४०,७५० | (४८६,०८०) | - | १८१,५७६,१३३ | ५,७२९,१८० | ५,८०९,४५० | ९६५,११० | १,५८३,९५५,०४१ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | | | | १४०,६४९,२३१ | | | | १४०,६४९,२३१ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | | | | | | | | - | | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | | | | | - | | | | | | - |
| पुर्नः मुल्याङ्कनबाट भएका नाफा/ (नोक्सान | | | | | | | | | | | | |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान) | | | | | | - | | ६१५,९३६ | | | | ६१५,९३६ |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान | | | | | | | | - | | | | - |
| वदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | | | | | | | - | | | | - |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | १४१,२६५,१६७ | | | | १४१,२६५,१६७ |
| यस वर्ष कोषमा सारिएको रकम | | | | | | | | | | | | |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | | | | | | | | | | | | |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार** | | | | | | | | | | | | |
| शेयर निष्कासन | - | | - | - | | | | - | | | | - |
| शेयरमा आधारित भुक्तानीहरु | | | | | | | | | | | | |
| **शेयरधनीलाई लाभांश** | | | | | | | | | | | | |
| बोनस शेयर | ८६,०८०,९४६ | | - | - | | | | (८६,०८०,९४६) | | | | - |
| नगद लाभांश | - | | | | | | | (८६,०८०,९४६) | | | | (८६,०८०,९४६) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | २८,१२९,८४६ | - | - | | | | (२८,१२९,८४६) | | | | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | - | - | - | | (२४०,७५०) | | | - | | | | (२४०,७५०) |
| कल्याणकारी कोषबाट सारिएको रकम | - | - | - | | | | | १४,६९१ | - | | | १४,६९१ |
| ग्राहक संरक्षण कोषको उपयोगीता | - | - | - | | | | | १,४७२,८५१ | (१,४७२,८५१) | | | - |
| ग्राहक संरक्षण कोष लगानी प्रतिफल | - | - | - | | | | | - | ३१७,४८५ | | | ३१७,४८५ |
| ग्राहक संरक्षण कोष | - | - | - | - | | | | (१,४०६,४९२) | १,४०६,४९२ | | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | - | - | - | | | | | ५८०,९७२ | | (५८०,९७२) | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | - | - | - | | | | | (१,४०६,४९२) | | १,४०६,४९२ | | - |
| नियामक कोषमा जम्मा गरिएको | - | - | - | १,२४२,४९४ | | | | (१,२४२,४९४) | | | | - |
| एक्चुरियल नाफा अन्य कोषमा जम्मा | - | - | - | | | | | (६१५,९३६) | | | ६१५,९३६ | - |
| **आषाढ ३१, २०८१ को अन्त्यमा मौज्दात** | १,२३३,८२६,९०२ | २६६,७६३,८५८ | - | ४,९८३,०२४ | - | (४८६,०८०) | - | ११९,९४६,६६२ | ५,९८०,३०६ | ६,६३४,९७० | १,५८१,०४६ | १,६३९,२३०,६८८ |

First Microfinance

कम्पनी सचिव

**लेखा परीक्षकको मन्तव्य**

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था लिमिटेडको २०८१ आषाढ ३१ गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ ।

सि.ए. प्रकाश लम्साल
पार्टनर
पि.एल.आर.जि. एण्ड एसोसिएट्स,
चार्टड एकाउन्टेन्टस्
काठमाण्डौ ।
UDIN Number: 241128CA00154xPuPo

P.L.R.G. Associates
Kathmandu
Nepal
Chartered Accountants